प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**मतदान गर्ने अधिकारको प्रयोग गरौं।**

- लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं।
- मतदानको समयमा विवेकको प्रयोग गरौं।
- मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं।
- निर्वाचनको माध्यमवाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं।
- सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष–१७ । । अङ्क : ३२२ ॥ २०८२ माघ ११ गते आईतबार (25th Jan 2026 Sunday) **Pratidin** National Daily मूल्य–रु.५/–

# विराटनगर विमानस्थलमा ओलीमाथि के भएको हो ?

झापा , माघ १० । झापाबाट काठमाडौ फर्किदा विराटनगर विमानस्थलमा नेकपा एमाले अध्यक्ष केपी ओलीमाथि भएको व्यवहारप्रति धेरैले चासो राखेका छन् । झापा ५ मा उम्मेदवार बनेका पूर्वप्रधानमन्त्री समेत रहेका ओलीले सरकारले आफूलाई दुःख दिने काम गरिरहेको आरोप लगाएका छन् ।
गृहजिल्ला झापाबाट शुक्रबार काठमाडौं फर्कने क्रममा सरकारले विमानस्थलमा आफूलाई सुन तस्करलाई जस्तो अपमानित व्यवहार गर्ने काम गरेको अध्यक्ष ओलीको भनाइ थियो ।
शनिबार पार्टी मुख्यालय च्यासलमा आयोजित कार्यक्रममा बोल्दै उनले ‘ माथिबाट आदेश आएको छ’ भनेर विमानस्थलमा आफूमाथि अपमानित व्यवहार भएको गुनासो गरे ।
विमानस्थलमा आफूमाथि गरिएको सो व्यवहारले आफूलाई सभ्य समाजमा नभएको जस्तो भान भएको ओलीले बताए ।

‘अस्ती यताबाट झापा जाँदा मलाई अलि राम्रै व्यवहार गरेको थियो एयरपोर्टहरुमा । हिजो फर्केर आउँदा के-के न सुन तस्कर हुँ कि जस्तो गरेर चेकिङ गरेको छ, के गरेको छ



? हैरान पारेको छ,’ उनले सुनाए, ‘ अचम्मै ! कहिले-कहिले विदेश जाँदा पनि चिनेको ठाउँहरुमा हामीलाई त्यस्तो गर्दैन । नचिनेको ठाउँमा परियो भने देखिन्छ नेपालीहरुलाई हेपेको । हिजो एयरपोर्टमा त्यस्तै गरेर हेप्यो । किन त्यस्तो गरेको भन्दा माथिबाट आदेश आएको छ भन्छ । यो सरकार के गर्दैछ भन्दा बेथिति भइराखेको छ, अन्याय भइराखेको छ ।’

अध्यक्ष ओलीले देशलाई फेरि पनि सही बाटोमा अघि बढाउन एमालेले सरकार बनाउनुको विकल्प नभएको पनि दाबी गरे ।
‘यो सरकार के गर्दैछ भन्दा बेथिति भईराखेको छ, अन्याय भईराखेको छ । बेठिक भईराखेको छ ।तर सरकार हामीलाई दुख दिने काममा लागि राखेको छ । अपमान गर्ने काममा लागि राखेको छ । हामी आफनै सम्मानका लागि लडिरहेको होइन । देशको सम्मानका लागि जनताको सम्मानका लागि, जनताको इज्जतको लागि लडिराखेको छौं । त्यसकारण त्यो धेरै ठूलो कुरा मान्दिनँ,’ ओलीले भने, ‘तर सरकारको दृष्टिकोण, सरकारको मति चाँही के हो ? नेताहरूको अपमान गर्ने हो नि । त्यो सरकारले हिजै देखायो । कस्तो लाग्यो भने एउटा सभ्य समाजमा हामी छैनौं कि जस्तो लाग्यो । एउटा जिम्मेवार सरकार होइन । अराजनीतिक, असभ्य सरकार छ । यी सबै कुराहरू हामीले फेरि सभ्य, सुसंस्कृत समाजमा ल्याउनुपर्नेछ । त्यो सबै कुरा चुनावको फैसलाबाट देखिन्छ ।’

# समाजसेवी शिवाकोटीलाई गोपीकृष्ण स्मृति पुरस्कार

झापा, माघ १० । समाजसेवी खिलप्रसाद शिवाकोटीलाई गोपीकृष्ण स्मृति पुरस्कार प्रदान गरिएको छ ।
स्व. गोपीकृष्ण खनालको ७९ औं जन्मजयन्तीको अवसरमा गोपीकृष्ण स्मृति प्रतिष्ठान बिर्तामोड-४ ले बिर्तामोडस्थित गोमेन्द्र कलेजको सभाहलमा आयोजना गरेको कार्यक्रममा बिर्तामोड-८ ,गरामनी निवासी पूर्व शिक्षक एवम् समाजसेवी खिलप्रसाद शिवाकोटीलाई ५० हजार रुपैयाँ राशिको सो पुरस्कारसहित सम्मान गरिएको हो । पत्रकार, साहित्यकार एवम् समाजसेवी व्यक्तित्व स्वर्गीय गोपीकृष्ण खनालको संझनामा स्थापित तेस्रो गोपीकृष्ण स्मृति पुरस्कार शिवाकोटीलाई प्रदान गरिएको हो । यसअघि पहिलो पुरस्कार पत्रकारितातर्फ अग्रज पत्रकार नकुल काजी पाण्डे र दोस्रो पुरस्कार साहित्य विधातर्फ साहित्यकार कोमलप्रसाद पोखरेललाई प्रदान गरिएको थियो ।
प्रत्येक २-२ वर्षमा प्रदान गर्दै आएको यो पुरस्कार यसपटक समाजसेवाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने शिवाकोटीलाई दिइएको हो। प्रतिष्ठानका उपाध्यक्ष सरु भुर्तेल खनालको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि राष्ट्रिय सभाका सदस्य तथा साहित्यकार गोपालकुमार बस्नेत रहेका थिए । कार्यक्रममा प्रतिष्ठानकी संस्थापक संरक्षक रुपादेवी खनाल,सिलगडी भारतका मिमलाल सापकोटा र श्रीमती माया सापकोटा,कवि ,गजलकार केशव आचार्य, साहित्य चौतारी बिर्तामोडका संस्थापक संरक्षक एवम् वर्तमान अध्यक्ष देवीभक्त श्रेष्ठ,त्रिफला राष्ट्रिय पुस्तकालय धुलावारीका सभापति प्रेमप्रकाश फलाहारी, ऊर्जाशील साहित्य कला प्रतिष्ठान बिर्तामोडका सचिव देवीचरण भण्डार ी,साहित्यकार हरिनारायण भट्टराई, आरती पोखरेललगायतको उपस्थिति रहेको थियो । कविद्वय मीना अधिकारी र योगेश्वर बरालले कविता वाचन गरेको कार्यक्रममा स्वागत मन्तव्य सचिव तीर्थ सिग्देल र सञ्चालन प्रतिष्ठानका सल्लाहकार डा. पुण्यप्रसाद सिग्देलले गरेका थिए ।

# डिन झापाको कार्यालय भवन उद्घाटन

झापा, माघ १० । डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल( डिन) झापाको कार्यालय भवन उद्घाटन भएको छ । बिर्तामोड - ६ बुट्टावारीमा शनिवार एक कार्यक्रमका बीच डिप्लोमा इन्जिनियर्स एशोसिएसन नेपाल( डिन) का केन्द्रीय अध्यक्ष कामेश्वर



सिंह र जग्गादाता गोपिकृष्ण प्रसाईले डिन झापाको नवनिर्मित भवनको उद्घाटन गरेका हुन् । स्वर्गीय पिता जयन्द्र र स्वर्गीय माता धनमाया प्रसाईको स्मृतिमा छोरा बुहारी गोपिकृष्ण र टिकादेवी प्रसाईले २०७१ साल फागुन ३ गते एक कठ्ठा जग्गा निःशुल्क प्रदान गरेका थिए । सो जग्गामा कोशी प्रदेश सरकारको १ करोड ८ लाखको बजेटमा आठ कोठे भवन निर्माण गरिएको हो । आर्थिक वर्ष २०७९-०८० मा ५० लाख र ०८१-०८२ मा ५८ लाख बजेट निकासा भएपछि शहरी विकास तथा भवन डिभिजन कार्यालयले ठेक्का लगाएर भवन निर्माण गरिदिएको डिन झापाका अध्यक्ष सडकलाल राजवंशीले बताए । कोशी प्रदेशमा सुनसरीपछि डिन झापाले आफ्नै कार्यालय भवन बनाएको अध्यक्ष राजवंशीले जानकारी दिए । काठमाण्डौमा केन्द्रीय कार्यालय र त्यसपछि झापा , सुनसरी र दाङमा मात्र जिल्ला शाखाहरुको आफ्नै कार्यालय भवन रहेको केन्द्रीय अध्यक्ष सिंहले बताए । डिन झापाका अध्यक्ष राजवंशीको अध्यक्षता तथा केन्द्रीय अध्यक्ष सिंहको प्रमुख आतिथ्यमा भएको भवन उद्घाटन कार्यक्रममा बोल्दै बिर्तामोड ६ का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वाले प्रसाई परिवारले नै बिर्तामोड ६ को वडा कार्यालयलाई ३ कठ्ठा जग्गा दान दिएको भन्दै प्रशंसा गरे ।

डिनका कोशी प्रदेश उपाध्यक्ष नारायण भट्टराईले धेरै लामो प्रयासपछि जग्गासंगै कार्यालय भवन निर्माण गर्न सफल भएको बताए । उनले एकै शव्दमा जग्गा दान दिने प्रसाई परिवारप्रति आभार व्यक्त गरे । जग्गादाता प्रसाईले आफूले दिएको जग्गालाई सदुपयोग गरिदिएकोमा धन्यवाद दिए । जग्गादाता प्रसाईलाई सम्मान गरिएको सो कार्यक्रमको संचालन डिनका कोशी प्रदेश महासचिव कमल दाहालले गरेका थिए ।

## झापामा १२३७ वटा हतियार दर्ता

# प्रहरी प्रशासनमा कसैले पनि बुझाएनन्

झापा, माघ १० । झापामा १२३७



वटा हतियार दर्ता छन् । आगामी फागुन २१ को निर्वाचनलाई लक्षित गरी जिल्ला प्रशासन कार्यालय झापाले हतियार बुझाउन दोस्रो पटक सूचना जारी गरेपनि अहिलेसम्म कसैले पनि बुझाएका छैनन् । जिल्ला प्रशासन कार्यालयले हतियार बुझाउन पहिलो पटक पुष २९ गते सूचना जारी गरेको थियो । त्यसपछि माघ ८ गते दोस्रो पटक सूचना जारी गरिएको छ ।

माघ २० गतेभित्र अनिवार्य रूपमा हतियार बुझाइसक्न सूचित गरिएपनि अहिलेसम्म कसैले पनि नबुझाएको प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले बताए । त्यस्तै जेनजी आन्दोलनका क्रममा प्रहरीबाट लुटिएको १५ थान हतियार अझै गायव रहेको उनले जानकारी दिए ।

# बचत संघ झापाको अध्यक्षमा युवराज गिरी निर्वाचित

झापा, माघ १० । बचत तथा ऋण सहकारी संघ लि. झापाको अध्यक्षमा युवराज गिरी निर्वाचित भएका छन्।
नेतृत्व चयनका लागि शनिवार भएको निर्वाचनबाट सहारा नेपाल



बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष उपेन्द्रप्रसाद ओलीलाई पराजित गर्दै पतालगंगा बचत तथा ऋण सहकारी संस्थाका निवर्तमान अध्यक्ष गिरी निर्वाचित भएका हुन् । गिरीले ६३ र ओलीले ४८ मत पाएका थिए। अन्य पद भने सर्वसम्मत भएको थियो ।
नवनिर्वाचित समितिको उपाध्यक्षमा यामकुमार चुडाल, महिला उपाध्यक्षमा सुशिला रिजाल, सचिवमा विनोद ढकाल निर्वाचित भएका छन्। सदस्य पदमा हिमालय प्रकाश कन्दङ्वा, महेश घिमिरे, मित्रलाल खनाल, उमाकान्त आचार्य र संगीता कोइराला सर्वसम्मत निर्वाचित भएका छन्। त्यस्तै लेखा सुपरीवेक्षण समितिको संयोजकमा जगन्नाथ भट्टराई तथा सदस्यहरुमा गायत्रीप्रसाद मैनाली र डिल्लीराम ढकाल सर्वसम्मत चयन भएका छन्।

# गायत्री भजनले गुञ्जयमान भयो गायत्री मन्दिर

झापा, माघ १० । एक वर्षअघि झापाको बिर्तामोड नगरपालिका-५ मा स्थापना भएको गायत्री माताको मन्दिरले आफ्नो प्रथम वार्षिकोत्सव अत्यन्तै भव्य, श्रद्धामय र भक्तिभावले सम्पन्न गरेको छ । पूर्वमै पहिलो पटक स्थापना भएको यस पवित्रधाममा शुक्रबार दिनभरि विशेष पूजा-अनुष्ठान, धार्मिक प्रवचन तथा साँझ भव्य भजन सन्ध्याको आयोजना गरी वार्षिकोत्सव मनाइएको हो । साँझ परेसँगै गायत्री भजन तथा धार्मिक गीतहरूले मन्दिर परिसर गुञ्जयमान बन्यो । “गायत्री भजनसहित धार्मिक भजनले गुञ्जियो गायत्री मन्दिर, श्रद्धालुले उल्लासमय बनाए गायत्री मन्दिरलाई” भन्ने दृश्य सजीव बनेको थियो । प्रसिद्ध भजन गायक राजु अधिकारी, रोशन अधिकारी र गुञ्जन दाहालसहितको टोलीले प्रस्तुत गरेका भक्तिगीतले हजारौँ श्रद्धालुलाई भावविभोर बनाएको थियो । “प्रसिद्ध भजन गायक राजु अधिकारीको टिमले गुञ्जयमान बनाए माहोल” भन्ने अनुभूति सबै भक्तजनले प्रत्यक्ष महसुस गरे ।
धार्मिक तथा सांस्कृतिक कार्यक्रममा विघटित प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, पूर्वमन्त्री सरिता प्रसाईं, प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईं, उप-प्रमुख नगेन्द्रप्रसाद संग्रौला, अरिदमन गण चारआलीका प्रमुख सेनानी सरोज थापा, राष्ट्रिय अनुसन्धान विभाग झापाका उप-निर्देशक उमेश



पाण्डेलगायत विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको बाक्लो उपस्थिति रहेको थियो । हजारौँ भक्तजनले दीप प्रज्वलन, भजन सन्ध्या र आरतीमा सहभागी भई वार्षिकोत्सवलाई उल्लासमय बनाएका थिए ।
वार्षिकोत्सवका अवसरमा विशेष पूजा-अनुष्ठान, धार्मिक प्रवचन तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो । भव्य श्रृंगार गरिएको मन्दिरमा महाप्रसाद वितरण गरिँदा भक्तजनको लामो पंक्ति लागेको थियो । श्रद्धा, शान्ति र आध्यात्मिक ऊर्जा फैलिएको मन्दिर परिसर साँच्चिकै तीर्थस्थलको अनुभूति दिने गरी सजिएको थियो ।
मन्दिर निर्माण समितिका संयोजक तथा संरक्षक रोनक बंशलका अनुसार मन्दिर निर्माणमा सहयोग पुऱ्याउने स्थानीय सरकार, प्रदेश सरकार तथा विभिन्न दाताप्रति हार्दिक धन्यवाद व्यक्त गरिएको छ । पूर्वमै पहिलो पटक करिब अढाई करोड रुपैयाँको लागतमा मन्दिर निर्माण सम्पन्न भएसँगै यस वर्ष गायत्री जयन्तीसमेत पहिलो पटक भव्य रूपमा मनाइएको थियो । गायत्री माताको मन्दिर निर्माण सम्पन्न भएपछि पाँचदिने विशेष अनुष्ठानको उद्घाटन गर्दै नेपाल राष्ट्रका प्रथम ऐतिहासिक जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजबाट विशेष प्रवचनसमेत आयोजना गरिएको थियो । उनका प्रवचनले भक्तजनलाई धर्म, कर्म र सदाचारको मार्गमा अग्रसर हुन प्रेरित गरेको सहभागीहरूले बताएका छन् ।
श्रद्धा, भक्ति र संगीतको त्रिवेणीले एकाकार बनेको यस प्रथम वार्षिकोत्सवले गायत्री माताप्रतिको आस्था अझ प्रगाढ बनाएको र मन्दिरलाई पूर्वको महत्वपूर्ण धार्मिक केन्द्रका रूपमा स्थापित गर्ने विश्वास आयोजकले व्यक्त गरेका छन् । मन्दिरका सल्लाहकार समिति सदस्य स्वस्तिका अचार्यले स्वागत गरेको कार्यक्रमको सञ्चालन नेपाल पत्रकार महासंघ झापाका निवर्तमान उपाध्यक्ष केशव भट्टराईले गरेका थिए ।





लिखित परीक्षा- निर्वाचन प्रहरी छनौट तथा नियुक्तिका लागि शनिवार झापामा लिइएको लिखित परीक्षामा सहभागी हुँदै परीक्षार्थीहरु

# नेपालको टेस्ट राष्ट्रमाथि पहिलो जित

काठमाडौँ । नेपालको राष्ट्रिय क्रिकेट टोलीले टेस्ट राष्ट्रमाथि पहिलो विजय हात पारेको छ। नेपालले महिला ट्वान्टी-२० विश्वकप ग्लोबल छनोटमा शनिबार पूर्ण राष्ट्र जिम्बावेलाई ६ विकेटले पराजित गऱ्यो।

टस हारेपछि ब्याटिङको निम्तो पाएको जिम्बावेले त्रिवि क्रिकेट अन्तर्राष्ट्रिय रंगशाला कीर्तिपुरमा निर्धारित २० ओभरमा ६ विकेट गुमाई १ सय २९ रन बनाएको थियो। उपकप्तान पूजा महतोले अविजित अर्धशतक बनाएपछि नेपालले ३ बल अगाडि १ सय ३३ रन बनायो। पूजाले ५० बल खेली ४ चौका र २ छक्कासहित ५२ रन बनाइन्।

नेपालको यस जितले सुपर सिक्समा पुग्ने झिनो आशालाई कायम राखेको छ। पहिलो पटक ट्वान्टी-२० विश्वकप ग्लोबल छनोटमा खेलिरहेको नेपाल पहिलो जित हात पारेको हो। नेपाल पहिलो दुई खेलमा थाइल्यान्डसँग ८ विकेटले र नेदरल्यान्ड्ससँग २ रनले पराजित गरेको थियो।नेपाललाई विजय दिलाउन जिम्बावेको अनियन्त्रित बलिङले पनि ठूलो सहयोग गरेको थियो। नेपालले अतिरिक्तमा २० रन पाएको थियो, जसमा जिम्बावेका बलरले वाइडमा १९ दिएका थिए।



सम्झना खड्का ७ बलमा १ चौका प्रहार गरि ९ र विन्दु रावल १७ बलमा २ चौका प्रहार गरी १५ रनमा आउट भइन्। त्यसपछि कप्तान इन्दु बर्मा र उपकप्तान पूजा महतोले तेस्रो विकेटमा ३५ रनको महत्त्वपूर्ण साझेदारी गरिन्। जोसेफिन एनकोमोको बलमा एज लागेर बोल्ड भएकी इन्दुले २२ रन बनाइन्। इन्दुले २३ बल खेली २ चौका र १ छक्का प्रहार गरिन्।

कविता जोशी पनि १ रनमा बोल्ड भइन्। सीता रानामगर ११ रनमा रिटायर्ड हर्ट भइन्। उनले सो क्रममा महिला ट्वान्टी-२० अन्तर्राष्ट्रिमा एक हजार रन पूरा गरिन्। यो सफलता पाउने उनी नेपालकी तेस्रो खेलाडी हुन्। यसअघि इन्दु र पूजाले नेपालबाट १ हजार रन बनाइसकेकी छन्। रुविना क्षेत्री २ रनमा अविजित रहिन्।

यसअघि केलिस ध्लोभुले अविजित ५२ रन बनाउँदै जिम्बावेलाई मध्यम स्कोरमा उभ्याएकी थिइन्। उनले ३६ बल खेली ८ चौका प्रहार गरिन्। ओपनर विलोभ्ड बिजाले ३४ रन जोडिन्। उनले ३५ बल खेलि ४ चौका प्रहार गरिन्।

उनका ओपनिङ जोडि कप्तान चिपो मुगेरी ट्रिपानोले ८ रन जोडिन्। कविता कुँवरले खेलको पहिलो बल वाइड फालेकी थिइन्। त्यसपछिको दुई बलमा ट्रिपानोले एजमा दुई चौका प्रहार गरिन्। तर तेस्रो बलमा कविताले उनलाई बोल्ड गरेकी थिइन्।

मोडेस्टर मुपाचिकवाले २६ बल खेलि १४ रन बनाइन्। लोरिन सुमाले खाता खोल्न सकिनन् भने जोसेफिन एनकोमो ६ र चिइद्जा धुरुरु ४ रनमा आउट भइन्। नेपालबाट रिया शर्माले २ विकेट लिइन्। उनले ४ ओभरमा २५ रन खर्चेकी थिइन्। कविता कुँवर, सीता रानामगर, रुविना क्षेत्री र पूजा महतोले १-१ विकेट लिइन्।

जिम्बावे समूह चरणका सबै चार खेलमा पराजित भएको हो। जिम्बावे यस प्रतियोगितामा नेदरल्यान्ड्स, थाइल्यान्ड र स्कटल्यान्डसँग पराजित भएको थियो।

# झापामा सुतेकै ठाउँमा तीनजनाको मृत्यु

झापा, माघ १० । झापाका अलग अलग स्थानमा सुतिरहेको ठाउँमा तीनजनाको मृत्यु भएको छ।



शुक्रवार बिहान ९.३० बजे इलाम नगरपालिका ९घर भई हाल मेचीनगर ६काकँरभिट्टास्थित सुन्दर श्रेष्ठको घरमा डेरा गरी बस्ने वर्ष ५६ वर्षीय हेमकुमार सुन्दास आफ्नै कोठामा सुतिरहेको अवस्थामा मृत फेला परेका हुन्।

त्यस्तै बिहीवार राति शिवसताक्षी ११ गुम्बाटोल घर भई सोही ठाउँका खड्गबहादुर फुयालको घरमा एक्लै डेरा गरी बस्ने ४२ वर्षीय धनबहादुर राई बिहीवार राति खाना खाएर कोठामा खाटमा सुतेकोमा शुक्रवार बिहान ९:३० बजे मृत फेला परेका थिए।

त्यस्तै शिबसताक्षी ३ दोभाने टोल बस्ने ३० वर्षीय विकास गजमेर र सोल्टी नाता पर्ने शिवसताक्षी ८बस्ने ३० वर्षीय बुद्धिमान बि.क. बिहीवार राति संगै सुतेकोमा शुक्रवार बिहान ८बजेसम्म दुबैजना नउठेपछि विकास गजमेरकी आमाले बोलाई उठाउँदा बुद्धिमान बि.क.उठेको र विकास गजमेर सुतिरहेको ठाउँमा मृत फेला परेका थिए। प्रहरीले बुद्धिमान बि.क.लाई नियन्त्रणमा लिएको छ।

# रुखबाट लडेर झापा गाउँपालिकाका राईको मृत्यु

झापा, माघ १० । रुखबाट लडेर झापा गाउँपालिकामा एकजनाको मृत्यु भएको छ।

शुक्रवार बिहान १०;३० बजे झापा गाउँपालिका वडा न.६फुलगाछी बस्ने ४५ वर्षीय तुलाराम राई सोही ठाउँमा रहेको रानी वनमा रुखमा चढी बाख्राको लागि घाँस काट्ने क्रममा अचानक रुखबाट लडेर घाइते भएका थिए।

उनलाई उपचारको लागि बिर्ता सिटी अस्पताल बिर्तामोड ल्याई उपचार गराउने क्रममा दिउँसो १२.२० बजे मृत्यु भएको हो। सम्पुर्ण कानुनी प्रक्रिया पूरा गरी शवलाई पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको प्रहरीले जनाएको छ।

# चन्द्रगढी खानेपानीको २३ औं सभा सम्पन्न

भद्रपुर । भद्रपुर १० स्थित खानेपानी उपभोक्ता तथा सरसफाई समिति चन्द्रगढीको २३ औं परिषद भेला तथा वार्षिक साधारण सभा चन्द्रगढीमा सम्पन्न भएको छ।

कोशी प्रदेशका पूर्व खानेपानी तथा सिंचाइ मन्त्री एकराज कार्कीले परिषद भेलाको उद्घाटन गरेका थिए। संस्थाका अध्यक्ष पुरुषोत्तम अधिकारीले संस्थाको बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै समितिले हालसम्म गरेका गतिविधिका बारेमा प्रकाश पारेका थिए। उनले समितिको अन्तिम सभा भएको जानकारी दिँदै छिटोभन्दा छिटो नयाँ समिति समेत चयन गरिने बताए।

कार्यक्रममा भद्रपुर नगरपालिका प्रमुख गणेश पोखरेल, निवर्तमान संघीय सांसद सुनिता बराल, राप्रपा भद्रपुर नगर अध्यक्ष राजकुमार राई, समितिका संस्थापक अध्यक्ष लेखनाथ निरौलालगायतले शुभकामना मन्तब्य राखेका थिए।

कोषाध्यक्ष खेमराज भट्टराईले वार्षिक आयव्यय प्रस्तुत गर्दै २ करोड ८६ लाख ७२ हजार ४८५ आम्दानी तथा २ करोड ५५ लाख ४४ हजार १२५ खर्च विवरण पेश गरेका थिए भने सचिव बाबुराम कार्कीले सञ्चालन गरेको कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष बाबुराम पराजुलीले गरेका थिए।

# सरगम संगीतालयले मनायो २२औँ वार्षिकोत्सव

बिर्तामोड , माघ १० । बिर्तामोडस्थित सरगम संगीतालयले आफ्नो २२ औँ वार्षिकोत्सवसहित मातृभाषा संरक्षण कार्यक्रम सम्पन्न गरेको छ।

विद्यालयका प्रमुख सल्लाहकार श्रीकृष्ण मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ गीतकार शिवशङ्कर थापा प्रमुख अतिथि रहेका थिए।साहित्यकार केशव आचार्य, कृष्ण योञ्जन, तुलसीप्रसाद भट्टराई, देवीभक्त श्रेष्ठ, हस्त परियार र लक्ष्मी श्रेष्ठ विशिष्ट अतिथि तथा कुमार श्रेष्ठ, हेमा भण्डारी योञ्जन, खिलप्रसाद शिवाकोटी, भेषराज चम्लागाईँ र सुनिता तामाङको आतिथ्यता रहेको थियो। राजवंशी भाषाको गीतबाट स्वागत गरिएको कार्यक्रममा विद्यालयका संस्थापक एवम् सञ्चालक दिपक रायमाझीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राखेका थिए। कार्यक्रममा मातृभाषाअन्तर्गत पालम, मुस्लिम, देउडा, तमु गुरुङ, खैजडी, तामाङ सेलो, ख्याली, हुर्रा, सङ्गीनी, मैथिली, संस्कृत, हुड्केली, नेवारी, राई र बालन गरेर जम्मा १६ थरीका भाषा तथा पुराना संस्कार संस्कृति झल्किने प्रस्तुतिहरू प्रस्तुत गरिएको थियो।

सरस्वती बन्दनालगायत तीनवटा कत्थक नृत्य र अन्य दुईवटा नृत्य प्रस्तुत गरिएको उक्त कार्यक्रममा सोही विद्यालयका सङ्गीत तथा नृत्य प्रशिक्षार्थीहरुले अत्यन्तै मीठो र रसिलो तरिकाले आफ्नो कला प्रस्तुत गरिरहँदा दर्शकसामु अति नै रोमाञ्चकारी वातावरण बनेको थियो।

वाद्यवादनतर्फ बाँसुरीमा मित्र मगर, किबोर्डमा भिम केरुङ, तवलामा दिनेश घिमिरे, प्याडमा राजु तामाङ र गीतारमा शाश्वत खत्रीले साथ दिएका थिए। कार्यक्रममा साहित्यकार केशव आचार्यले पौराणिक संस्कार संस्कृतिको जगेर्ना गर्दै नयाँ पुस्तामा भाषा, कला र संस्कृतिको प्रवाह गर्नुको निम्ति यस विद्यालयले खेलेको भूमिकाको सराहना गरेका थिए। त्यस अवसरमा समाजसेवी खिलप्रसाद शिवाकोटीले नगद ५ हजार सहयोग गरेका थिए। सोही कार्यक्रममा लोकभाकालाई गाउँदेखि शहरसम्म अविछिन्न गाइरहने कचनकवल २ सङ्गीत चोक निवासी मण्डल गाइनेलाई सम्मान एवम् पुरस्कृत गरिएको थियो। त्यस्तै गत पुष २४ गते सम्पन्न झापा जिल्ला स्तरीय अन्तर विद्यालय गायन प्रतियोगितामा यसै संगीतालयका प्रशिक्षार्थी जुनियरतर्फ प्रथम हुने अङ्कित मिश्र, द्वितीय हुने प्रज्ञान उप्रेती र सिनियरतर्फ तृतीय हुने प्रशुन गुरागाईँलाई कदरपत्रद्वारा सम्मान गरिएको थियो। कार्यक्रमको सञ्चालन लीला खत्री खतिवडाले गरेकी थिइन्।

## शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

व्याङडाँडा ,झापा

### जनहितमा जारी सूचना

महिला हिंसा अन्त्य गरौं।

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं।

# विधान उल्लंघन गर्ने वीरता लेडी जेसीजलाई कार्वाही

झापा। बिर्तामोडस्थित वीरता लेडी जेसीजले प्रक्रिया पूरा नगरी अधिवेशन गरेको र विधान उल्लंघन गरेको विषयमा नेपाल जेसीजले छानबिन र कार्वाही अघि बढाएको छ।

संस्थाकी निवर्तमान अध्यक्ष एवम् निर्वाचन अधिकृत मेनुका ओलीले नेपाल जेसीजलाई समेत अटेर गरी आफू निकटका उम्मेद्वारलाई प्रक्रिया पूरा नगरी हतारमा निर्वाचित भएको घोषणा गरेको र पद हस्तान्तरण गराएपछि वीरता लेडी जेसीज विवादमा फसेको हो।

निर्वाचन प्रक्रिया र विधान उल्लंघनका विषयमा उजुरी परेपछि जेसीजले छानबिन र कार्वाही अघि बढाएको हो। नेपाल जेसीजका महासचिव अमर घिमिरेले वीरता लेडी जेसीजलाई पत्र पठाएर छानबिनका लागि अधिवेशन तथा निर्वाचनसंग सम्वन्धित सबै




कागजात मगाएका छन्। साथै अर्को जानकारी नहुँदासम्म शाखामा कुनै गतिविधि नगर्न नगराउन नेपाल जेसीजले वीरता लेडी जेसीजलाई कडा निर्देशन दिएको छ। नेपाल जेसीजले पत्रमार्फत ६ दिनभित्र सबै कागजात प्रमाणित गरी प्रतिवेदनसहित पठाउन भनेको छ। नेपाल जेसीजले क्षेत्र 'क'का लागि निरुपित राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष योगेश राजवंशी, राष्ट्रिय उपाध्यक्ष अनिश भट्टराई, वीरता लेडीकी संस्थापक अध्यक्ष शारदा रिजाल र सबै राष्ट्रिय पदाधिकारीहरुलाई छानबिन र कार्वाहीसम्वन्धी पत्रको बोधार्थ दिइएको छ।

नेपाल जेसीजकी उपाध्यक्ष समेत रहेकी निर्वाचन अधिकृत मेनुका ओलीले क्षेत्र 'क'का लागि निरुपित राष्ट्रिय उपाध्यक्ष अनिश भट्टराईलाई नै गम्भीर आरोप लगाउदै विवादमा मुछेकी छिन्। ओलीले भनेकी छिन्-अनिश भट्टराईले विभिन्न सञ्चारमाध्यममा अन्तरवार्ता दिएर वीरता लेडी जेसीजको बारेमा गलत प्रचार गर्दै पत्रकारहरुलाई एकतर्फी समाचार लेख्न उत्प्रेरित गर्न मिल्छ ?

# वैदिकको रक्तदानमा २० जनाले दिए रगत

भद्रपुर । भद्रपुर १० स्थित वैदिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

नेपाल रेडक्रस सोसाइटी झापा शाखाको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रममा ४ जना महिला



सहित २० जनाले रक्तदान गरेका हुन्।

सहकारीका अध्यक्ष प्रकाश निरौलाको अध्यक्षता तथा भद्रपुर १० का वडाध्यक्ष टेकबहादुर खड्का काजीको प्रमुख आतिथ्यमा सम्पन्न उद्घाटन कार्यक्रमको सहजीकरण सचिव विदुर ढुंगानाले गरेका थिए।




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

## के म पूर्ण छैन र ?


• सफलता फूयल

सामाजिक संस्कार र रुढीवादको
विकृति र कुरीतिको
सिङ्गो प्रहार
तिमीले सहनुपर्‍यो।
फेरि सहनुपर्‍यो
हजारौँ यातना
वंश थाम्ने र क्रिया गर्ने
छोराका नाममा ।

आमा !
दिनभरि काम गरेर
थाकेर फर्किदा पनि
असाध्यै
शारीरिक र मानसिक
बोझ हुँदाहुँदै
तिमी
असल बुहारी भयौ ।
चुलो–चौको, घरधन्दा
सबै भ्यायौ ।
हजारौँ पीडा
चुपचाप सहेपछि मात्र
तिमी "असल" भयौ।

आमा !
यत्रो सङ्घर्ष भोग्दा पनि
यो समाजले तिमीलाई
बुझ्न सकेन ।
पूर्ण भनिएको त्यो छोरो
नजन्माएको निहुँमा
शब्दका तिरहरू
प्रहार गरिरह्यो समाजले ।
हाँस्न नपाएका
तिम्रा दिन, सुत्न नपाएका
ती रातहरू, बाँच्न नपाएका
तिम्रा जीवनहरू
समाजले
देखेन आमा !

तिमीले भोगेको पीडा
समाजले सहेन
बरु
"पूर्ण" छोरोको निहुँमा
तिमीमाथि प्रहार गरिरह्यो।

तिम्रा दुःखका दिनमा
समाज केही बोलेन
तिम्रो आँसु पुछेन
तिम्रो पीडा देखेन
समाज चुपचाप बस्यो।
आमा !

तिमीले
एउटी छोरी भएर
छोरी जन्मायौ
तर
तिमी छोरी
र तिमीले जन्माएकी छोरीलाई
समाजले कहिल्यै
पूर्ण मानेन ।

आज पनि
समाजले सोध्छ
"किन छोरा जन्माइनौ?"
समाजलाई किन
तिम्रै छोरा चाहिएको छ ?
संस्कारका निहुँमा
धर्मका नाममा
किन
छोरा र छोरीबीच
विभेद गरिन्छ ?
म छोरी पनि त
घरको सारा काम
जिम्मेवारी बोध
गरिरहेको छु।

म
माया बाँड्न सक्छु
घर–व्यवहार चलाउन सक्छु
कार्यालय चलाउन सक्छु
देश हाँक्न सक्छु !
ओ समाज !
म बाँचेको यो समाज
म सोध्छु,
स्पष्ट र दृढ भएर

के म पूर्ण छैन र ?

## त्यो अपराधीलाई मैले किन दिएँ उन्मुक्ति !


• अनुपा लामिछाने

छाप्रोमुनि कान्लामा सेताम्मे फुलेको इन्द्रकमलमा मुनाको आँखा पर्‍यो।
माझेका भाँडा पिँढीका चाक्ला ढुंगामा घोप्ट्याउँदै भाइलाई अह्राई, 'त्यो फूल टिपेर ल्याइदे न।'
दिदीको अह्रोट भुइँमा नखस्दै एक हातले प्यान्ट समात्दै मनोज कान्लातिर कुद्यो । 'दुइटा मात्रै टिप्नू है', मुना कराई। उसले त्यसै गर्‍यो।
फूल समात्दै भाइको गाला मायाले थप्थप्याई। दुई चुल्ठा बाटेको कपालमा दुवैतिर फूल सिउरिँदै ऐना हेरी।
'आज त म्यामले मलाई पनि कत्ति राम्री देखिएकी भन्नुहुन्छ होला,' सोचेर भित्रभित्रै मक्ख परी। निख्खर गोरी। दायाँपट्टि चिउँडोमा कालो कोठी। न पातली, न मोटी। उमेरले १४ पूरा गरी भर्खर १५ वर्ष टेकेकी भर्भराउँदी किशोरी मुना। गरिबीले छोपिएको उसको सुन्दरता नजिकबाट नियाल्नेलाई उसै पनि खुबै लोभलाग्दो छ।
बिहान ३ बजे नै उठेर इँटा पार्न खलोतिर निस्किनु मुनाका बाआमाको दैनिकी बनेको छ। आफूभन्दा तीन वर्ष कान्छो भाइ र ऊभन्दा पनि मुनिका तीन वर्षे जुम्ल्याहा भाइहरूको समेत रेखदेखको जिम्मेवारी मुनाकै कलिलो काँधमा छ। ती बालखहरू हेर्दै बिहानको भात तिहुन पकाएर घरमा आफूसहित भाइहरूले खाएपछि बाआमालाई राखिदिन्छे। भाइले कहिलेकाहीँ जुठाभाँडा माझेर सघाउँछ।

मुनाका बा हर्कवीर एक दशकअघि सिन्धुपाल्चोकबाट इलम खोज्दै काठमाडौं आइपुगेका थिए। दुई वर्ष जति असन इन्द्रचोकतिर भारी बोक्ने काम गरे। त्यसबाट महँगो सहरमा एक्लो ज्यान पाल्नै धौ-धौ परेपछि गाउँतिरकै एक दामलको सल्लाहमा भक्तपुरको इँटाभटामा मजदुरी गर्न आइपुगेका हुन्। त्यहाँ काम गर्दै जाँदा आफ्नी जहानलाई पनि ल्याएदेखि कमाइ बढ्ने रहेछ भन्ने बुझे। गाउँमा तीन महिनालाई ढिँडो खान पुग्ने मकै र कोदो उब्जनी नहुने रूखो बारी कुरेर के बस्नु भन्ने सोचेर राममाया पनि भक्तपुर झरिन्। विद्यालय जाने उमेर पुगिसकेर पनि घरधन्दामा आमालाई सघाइरहेकी मुना भट्टाको काम पनि सघाउन सक्ने भइसकेकी थिइन्। गाउँबाट हिँड्दा राममायाले पिठ्यूँमा बोकेर ल्याएको ठूलो छोरो भर्खर ४ वर्ष लाग्दै थियो।
बाआमा काम गर्ने नजिकै एउटा बकैनाको रूख थियो। त्यसैको फेदमा दुई साना भाइहरूलाई अन्त कतै नजाऊन् भनी आमाका पुराना पटुकाले कम्मरमा बाँधिसकेर मुना छाप्रोमा फर्की। ढोका यसो ढप्क्याएर दिदीभाइ अलिकति उकालो लागेर तेर्सो बाटोमा उत्रिए। कठ्याङ्ग्रिँदो जाडोले दुवैका ओठ नीला देखिन्थे। चप्पल लगाएकाले हिलो र माटोले पैंताला चिरिएको प्रस्टै देखिन्थ्यो।
हिँड्दै गर्दा एउटा मोटरसाइकलले नजिकै आएर जोडसँग हर्न बजाइरह्यो। मुनाले विस्फारित नजरले त्यतातिर फर्केर हेरी। भट्टा साहुको छोरो रविन रहेछ। उसै पनि रविनको हाउभाउ मुनालाई पटक्कै मन पर्दैनथ्यो। ऊ भने कहिले फकाएजस्तो, कहिले खसालेजस्तो गरी मुनालाई के के भनेर जिस्क्याइरहन्थ्यो। मुना सधैं उसँग तर्किन खोज्थी। ऊ कसैले थाहा नपाए जस्तो गरी मुनासँग नजिकिन चाहन्थ्यो।
बच्चैदेखि कुनै कुराको कमी हुन नदिई हुर्काएको रविनको जिद्दी स्वभावबाट उसका बाआमा समेत आजित भइसकेका थिए। किशोरावस्थामै रक्सीको लतमा लागेको बाउआमाले ढिलो गरी थाहा पाएका थिए। छोरोमा धनको घमण्ड पनि उत्तिकै थियो। भक्तपुर बजारमै भाडा लाग्ने दुई ओटा त घर थिए भट्टा साहुका। बाउले कार पनि किनेका थिए। धेरै पढेर राम्रो जागिर खाइदिए हुन्थ्यो भन्ने उसका बाआमाको इच्छा थियो। तर उसले भने १२ कक्षाको परीक्षा नै पास गर्न नसकेपछि पढाइ छोड्यो। दिनभरि उस्तै खालका साथीहरू बटुलेर बाइकमा हुइँकिन्थ्यो र मध्यराति ह्वास्स रक्सी गनाउँदै घरभित्र पस्थ्यो। आक्कल झुक्कल इँटाभट्टा जाने क्रममा उसले मुनामाथि नजर गाडेको थियो।
मुनाको घरमा बोलाउने नाम लिँदै रविनले दयाभाव देखाएझैँ भन्यो, 'स्कुल पुग्न ढिला भएन फूलमति? बस म लगिदिन्छु।' उसले यसो भन्दा मुना उसको मुखैमा नहेरी फटाफट हिँडिरही। भाइ मनोज चाहिँ दिदीले मान्दिए आफू पनि बीचमा बसेर बाइकमा स्कुल जानहुन्थ्यो भन्ने आशयले दिदीको मुखमा पुलुक्क हेर्‍यो। तर केही भन्न भने सकेन। त्यस दिन मुनाको उपेक्षाले आफ्नो अभिमानमा परेको चोट रविनको मनमा खिलझैँ गाडियो। 'कुकुरका छाउरालाई के घ्यू पच्थ्यो, देख्लिस्' भनी मनमनै मुर्मुरिँदै ठूलो आवाजका साथ बाइकको एक्सिलेटर बटारेर धुलो उडाउँदै ऊ हुइँकियो।
स्कुलको नियम कडा बन्दै गएको थियो।

'तिमीहरू १५ मिनेट गेटबाहिरै खडा होऊ' भित्रबाट एक जना शिक्षकको आदेश आयो।
अरू केही विद्यार्थीहरूसँगै मुनाका दिदीभाइ पनि केहीबेर बाहिरै उभिए। नियमअनुसार जुत्ता मोजा नलगाएकाले उनीहरूलाई गेटमै उभ्याइएको थियो। मन्जु म्यामले 'यिनीहरूले भइकन नलगाएका होइनन्, नभएर नलगाएका हुन्' भन्दै ती दिदीभाइको बचाउ गर्दै भित्र लगिन्।
'अब आइन्दा यिनीहरूलाई यस विषयमा सजाय नदिनू' मन्जु म्यामले त्यहाँ उपस्थित अरू शिक्षकहरूले पनि सुन्ने गरी भनिन्।
स्कुल कहिल्यै नदेखेका मुना र मनोजलाई मञ्जु म्यामकै करले तिनकी आमाले भर्ना गर्न ल्याएकी थिइन्।
'एकै ठाउँमा बस्न पाइने होइन। जता जता काम हुन्छ, त्यतै सरिरहनुपर्ने हुन्छ। बरू यिनीहरू पनि हाम्लाई काम सघाउँछन्' भन्दै मुनाका बाउले चाहिँ उनीहरूलाई स्कुल हाल्न पटक्कै मानेका थिएनन्।
उनको तीक्ष्ण दिमाग देखेकी मञ्जु म्यामको विशेष आग्रहमा मुनालाई एकैपटक ४ कक्षामा भर्ना गरिएको थियो। तै पनि सोही वर्ष उनले सबैलाई उछिनेर प्रथम भइन्। त्यसपछि पनि मुना कक्षामा कहिल्यै दोस्रो हुनु परेन। मनोजको पढाइ भने औसत थियो।
मुना अब तीन महिनापछि एसइई दिने भइन्। उनीप्रति घरपरिवार र विद्यालयको ठूलो आशा र भरोसा थियो। एक दिन उनी विद्यालयबाट घर फर्कंदै थिइन्। नियमित कक्षा सकिएपछि अतिरिक्त कक्षा पनि लिनुपर्ने भएकोले उनी घर फर्कने बेलामा झिसमिसे भइसक्थ्यो। अरू बेला सँगसँगै स्कुल जाने र फर्कने भाइ मुनाको अतिरिक्त कक्षाको समयमा अगाडि नै घर फर्किसक्थ्यो। साथीहरू अलि वरसम्म सँगै भए पनि उनको बसाइँ टाढा र एकान्त जस्तो ठाउँमा भएकोले आधाभन्दा बढी बाटो एक्लै हिँड्नुपर्थ्यो।
बाटोको एक ठाउँमा दिउँसै अँध्यारो हुने बाक्लो बाँसघारी हुँदै जानुपर्थ्यो। उनी बाँसघारीको ओरालो बाटोमा रहेको ढुंगे खुड्किलो आर्लेर खोल्सामा मात्र पुगेकी थिइन्।
बाँस झ्याङ्गो छेकोबाट निस्केर कसैले उनलाई एक्कासि पछाडिबाट जोडले समायो र झाडीतिर तान्यो। उनी के गरौँ र कसो गरौँ भइन्। चिच्याउन मुख थुनिएको छ। भाग्न खोज्दा आफूभन्दा अजङ्गको बलियो नरभक्षीले हात र ज्यान अँठ्याएको छ। तुरून्तै उसले मुनालाई भुइँमा पछारिहाल्यो। त्यही बेला मुनाको दायाँ हात संयोगवश एउटा सानो तीखो ढुंगामा पर्‍यो।
खै कुन बल आएर हो उनले त्यो ढुंगो टिपेर जोडले त्यो मान्छेको टाउकोमा प्रहार गरिन्। उसले ऐँय्या भनेर रन्थनिँदै दुवै हातले टाउको समायो। त्यो स्वर सुनेपछि बल्ल मुनाले थाहा पाइन्, त्यो मान्छे त उही पूर्वपरिचित रविन रहेछ। त्यो थाहा पाएपछि मुनाको झन् होस् हवास् उड्यो। मुना जुरूक्क उठेर त्यहाँबाट यसरी कुदिन् कि उनले सायद दोस्रो स्वास आफ्नै घरको आँगनमा पुगेपछि मात्र फेरिन्।
त्यति बेला आमा घर आएर खाना बनाउन थालिसकेकी थिइन्। उनका बा अझै भट्टामा काम गर्दै थिए। छोरी आत्तिँदै घर आएको देखेपछि आमाले सोधिन्, 'के भयो? किन यसरी डराएकी ?' उनले बाटोको घटना सबै बेलिविस्तार लगाइन्। साथै, मञ्जु म्यामलाई यो सबै घटना सुनाउने बताइन्। 'त्यो पापीलाई झ्यालखाना नपुर्‍याई छोड्दनँ। मञ्जु म्यामले मलाई यसमा पक्कै सहयोग गर्नुहोला नि!' मुनाको कुरा सुनेपछि राममाया एकछिन घोरिइन्।

अनि भनिन्, 'छोरी यो कुरा कतै हल्ला नगर। बालाई पनि नभन,' उनले प्रस्ट्याइन्, 'यही इँटाभट्टाको कामले हामी ६ जनाको पेट पालिएको छ। हामीले त्यसको विरूद्ध जाने बित्तिकै हाम्रो बाँच्ने आधार टुट्छ। आफ्नै छोरालाई जेल हाल्न खोज्नेलाई कसले काममा राख्छ र!' हामीले अन्त काम पाउँदैनौँ। गाउँमा फर्केर कसरी यो जीवन चलाउनु। त्यसैले हुन्देऊ छोरी। धन्न आफ्नो सतित्व बचाएर आइछौ। आइन्दा रात बिरात एक्लै नहिँड्नू। एक दिन तिमी आफै सक्षम हुनेछौ र त्यस्ता अपराधीलाई समात्नेछौ।'
राममायाले यो पनि भनेकी थिइन्, 'हामी गरिबलाई यस्तो मुद्दा मामिलामा साथ दिने पनि को हुन्छ र! ठूला बडासँग हामीले कहाँ लड्न सकिन्छ र! पहरामा कुइनोले हिर्काए पनि दुख्ने कुइनो नै हो!' आमाका यी कुरा मुनालाई पटक्कै चित्त बुझेको थिएन। त्यो रातभर उसको आँखा झिमिक्कै भएनन्। तै पनि आमाले भनेझैँ आफ्नो पारिवारिक स्थितिलाई विचार गरी र आमाको वचन शिरोपर गर्दै आफ्नो गहिरो पीडा छातीभित्रै दबाएर बस्ने निधो गरी।
कमजोर मानसिक अवस्थाकै बीच मुनाले एसइई दिई। उसको कक्षामा सबभन्दा बढी ३.९ जिपिए आएछ। एउटी गरिब र छाप्रोमा बसेर पढेकी मुनाले त्यति राम्रो नतिजा सहित एसइई उत्तीर्ण गरेकोमा सबैले प्रशंसा गरे। उसले सबैतिरबाट बधाई र स्याबासी पाई। सबै मिडियामा उनको प्रशंसा चुलियो। त्यो देखेपछि उनको घरमै प्लस टु पढाउने कलेजका प्रतिनिधिहरू आउन थाले। मुनालाई आफ्नो कलेजमा भर्ना हुन अनेक प्रलोभन देखाए। उसले तीमध्येको एउटा कलेज छानी र पूर्ण छात्रवृत्ति सहित कानून विषय लिएर पढी। हुन त उसलाई यस्तो मेधावी विद्यार्थीले विज्ञान विषय लिएर पढ्नुपर्छ भन्ने सुझाव र दबाब अनेकतिरबाट नआएको होइन तर आफू के बन्ने भन्ने लक्ष्यमा ऊ प्रस्ट थिई।
मुनाले १२ कक्षाको अन्तिम परीक्षा पनि उत्कृष्ट जिपिए सहित उत्तीर्ण गरी। काठमाडौंकै सरकारी कलेजमा प्रवेश परीक्षा पास गरी कानून विषयमा स्नातक तहमा भर्ना भई। पढ्दा पढ्दै उसले अलि अलि विद्यार्थी राजनीतिमा पनि चासो लिई। त्यही क्रममा आफूहरू जस्तै छात्राहरूको समस्याबारे छलफल गर्न थाली। विद्यार्थी छँदै यौन हिंसामा परेका धेरै महिलाहरूलाई ऊ र उसका साथीहरू मिलेर साथ र सहयोग दिए। जनचेतनामूलक अभियान चलाए र आवश्यक कानूनी बाटो देखाइदिए। महिला अधिकार तथा हिंसा एवं भेदभाव विरूद्धको कुनै पनि सामाजिक अभियान होस् वा सभा, गोष्ठी ऊ थाहा पाएसम्म र मिलेसम्म छुटाउँदैनथी।
अन्ततः उसले एकतिर अधिवक्ता बन्ने शैक्षिक योग्यता पूरा गरी। अर्कोतिर, महिलाका धेरै समस्याहरू तथा तिनको कारण र परिणामबारे धेरै व्यावहारिक ज्ञान हासिल गरी।
अधिवक्ताको इजाजत सम्बन्धी जाँच पास गरेको केही समयमै मुना सरकारी वकीलका रूपमा न्याय सेवामा प्रवेश गरी। जिल्ला अदालतमा उसको पदस्थापन भयो। आफ्नो क्षमताका कारण केही वर्षमै उसले न्याय क्षेत्रमा सबैलाई प्रभाव पारिसकेकी थिई। घरेलु हिंसा, छोडपत्र, बलात्कार, आदि महिला सम्बन्धी मुद्दा पहिले उसैको जिम्मामा आइपुग्थ्यो। उसलाई ती विषयमा बहस, वकालत गर्न भ्याइनभ्याइ हुन्थ्यो।
यसै बीचमा एक दिन मुनाको अफिसमा प्रहरीले एउटा मुद्दाको अनुसन्धान प्रतिवेदन लिएर दर्ता गराउन आयो। सो मुद्दा एक जना बालिकाको बलात्कारपछि जघन्य हत्या गरिएको सम्बन्धी थियो। मुनाले सम्पूर्ण घटना र त्यसको प्रकृति अध्ययन गरी। यो उसको पेशागत जीवनमा त्यस्तो घटना थियो, जुन यति वीभत्स र हृदयविदारक थियो कि प्रहरी प्रतिवेदनको हरेक पेज पल्टाउँदै जाँदा पढ्नेको मुटु चिरिन्थ्यो; मनमा आक्रोशको ज्वाला पैदा हुन्थ्यो। धेरै प्रकृतिका महिला हिंसा र बलात्कारका मुद्दाको वकालत गरिसकेकी मुनालाई पनि सो मुद्दाको प्रकृति हेर्दा आफूलाई सम्हाल्न निकै कठिन महसुस भइरहेको थियो।
पीडित बालिका ११ पुगेर १२ वर्ष लाग्दै रहिछिन्। अलि परको एउटा जङ्गलमा सो वारदात भएको थियो। प्रहरीको अनुसन्धानबाट पत्ता लागे अनुसार ती बालिकालाई विद्यालयबाट एक्लै घर फर्कंदै गरेको अवस्थामा सो एक व्यक्तिले म घर पुर्‍याइदिन्छु भनी फकाएर आफ्नो मोटरसाइकलमा बसाएछ। केहीबेर पश्चात् उसले आफ्नो एक दुर्व्यसनी साथीलाई पनि बोलाएर बाइकमा हालेछ। त्यसपश्चात् बालिकाको घरतर्फ नलागी बाइक जंगलतिर मोडेछ। बालिकाले यता होइन भन्दै रून खोज्दा पछाडि बस्नेले मुख थुनेर बोल्न दिएनछ। अनि ती दुई नरपिचासहरूले जङ्गलमा लगेर ती अबोध बालिकाको सर्वस्व लुटेछन्। त्यसपछि सो अपराध खुल्ने डरले वीभत्स हत्या गरेछन्। अझ अस्पतालको पोष्टमर्टम प्रतिवेदनले उजागर गरेको हत्याको प्रकृति हेर्दा त्यो कुनै त्रासदीपूर्ण चलचित्रको कहानीभन्दा कम थिएन। पछाडि बस्ने फरार भए पनि केही सोधी खोजी पश्चात् बाइकवालालाई पक्राउ गर्न प्रहरी सफल भएछ।
यो मुद्दाको प्रकृतिले अधिवक्ता मुनाको मथिंगल नराम्ररी हल्लाइदियो। उनलाई त्यो दिन खाना रुचेन। न त रातभर निद्रा नै पर्‍यो। त्यति बेला उनको एक मनले भन्यो, 'यो पेशा मैले किन रोजे हुँला। अन्य पेशामा लागेको भए यस्तो बेचैन र विचलित हुनुपर्ने अवस्था त आउने थिएन।'

यो मुद्दा आफूले नहेरी यसबाट पन्छिन पाए पनि मनमा अशान्ति बढ्न पाउँदैनथ्यो कि भन्ने पनि उनलाई नलागेको होइन। तर अर्को मनले भन्यो, 'मुना तँ यसरी डगमगाउन मिल्दैन। सम्झी त यो पेशा रोज्नुमा तेरो आफ्नो के कस्तो उद्देश्य र अठोट थियो !' त्यसपछि मुना त्यो मुद्दामा आफैँले बहस गर्ने निर्क्योल गरी मुद्दाको थप अध्ययनमा लागिन्।
प्रहरीको अनुसन्धान प्रतिवेदनमाथि उनलाई शंका थिएन। त्यसैले प्रतिवादीहरू नै वास्तविक अपराधी हुन् भन्नेमा उनी विश्वस्त जस्तै थिइन्। तैपनि अदालतद्वारा अन्तिम छिनोफानो नभइन्जेल आवश्यक प्रक्रिया पूरा गर्नै पर्दथ्यो। 'मुनाले केस समातिसकेपछि नजित्ने त कुरै छैन' भन्दै जिल्ला अदालतका उनका सहकर्मीहरू आपसमा कुरा गर्थे।
अदालतमा मुद्दा दर्ता गरेको दुई हप्तापछिलाई पहिलो पेसी तोकियो। पेसीको दिन अरूभन्दा अगाडि नै मुना अदालतमा उपस्थित भइन्। मुद्दाको अध्ययनकै क्रममा अभियुक्तप्रति उनमा यतिविघ्न घृणा उत्पन्न भइसकेको थियो कि भेट्ने वित्तिकै उसको अनुहारभरी थुक्न चाहन्थिन् मुना। इजलासमा बहस सुरू हुने बेलामा अभियुक्तलाई हतकडी सहित कठघरामा उपस्थित गराइयो। अभियुक्तका परिवारका अन्य सदस्य र आफन्तहरू पनि उपस्थित थिए।
एकछिन अघिसम्म अभियुक्त कस्तो होला भन्ने उनमा ठूलो कौतुहल थियो। जब मुनाले अभियुक्तको अनुहार आफ्नै अगाडि प्रस्टसँग देखिन् उनलाई भाउन्न भयो। त्यो कुनै अपरिचित अनुहार थिएन। प्रतिवादीको वास्तविक नाम 'हरिकृष्ण' लेखिएको भए पनि ऊ त्यही रविन थियो, जुन रक्तपिपासुको पञ्जाबाट करिब १० वर्षअघि उनी बालबाल बँचेकी थिइन्। र, ऊसँग साथ लागेर आउने रविनका बा अनि दिदी र भिनाजु थिए।

उनी रिस र डरले थर्थर काँपिन्। खाटा बसिसकेको १० वर्षअघिको त्यो घाउ एकाएक बल्झिएझैँ भयो। मुनाका आँखाबाट बरर्र आँसु झर्‍यो। त्यो अपराधीले पनि अगाडि कालो कोटमा उभिएकी मुनालाई तलदेखि माथिसम्म नियाल्यो। ऊसले नचिन्ने कुरै भएन। उसको बाउ र परिवारका अन्य सदस्यले भने मुनालाई चिनेनन्। कठघरामा छिर्दासम्म केही नभएझैँ ठाडोमुन्टो लाएर हिँडेको ऊ मुनालाई त्यो हुलियामा देखेपछि बल्ल निहुँरियो। त्यो दृश्य नियालिरहेका वरपरका मानिसहरू के भइरहेको छ भन्ने बुझ्न नसकी अक्क न वक्क परे।
मुनालाई एकतिर त्यो अपराधीसँगको जम्काभेटले असह्य बनाएको थियो। अर्कोतिर आफ्नो कलिलो शरीरमा समेत कुनै बेला दागा धर्ने अभियुक्तलाई आफ्नै प्रत्यक्ष संलग्नतामा कठोर सजाय दिलाउन पाउने भएँ भन्ने सम्झेर उनलाई एक किसिमले सान्त्वना मिल्यो। सँगसँगै उनका मनमा केही प्रश्नका ज्वारभाटा पनि उठे। उनलाई आफूले विगतमा गरेको गल्ती सम्झेर पश्चाताप पनि भयो।
'आखिर मलाई त्यति बेला बलात्कारको प्रयास गर्ने अपराधीलाई मैले किन उन्मुक्ति दिएँ। त्यतिबेलै उसलाई कानूनको कठघरामा उभ्याउन पाएको भए आज एक अबोध कोपिला यसरी निमोठिनुपर्ने त थिएन! दण्डहीनताका कारण उसमा यो हदसम्मको आपराधिक मनोवृत्ति झाङ्गिनुमा म पनि त कतै न कतै दोषी हुँ! उसका बाआमा समक्ष मात्र त्यो घटना पुर्‍याउन पाएको भए पनि छोराको बानी सुधार्न उतिबेलै केही उपाय खोज्थे कि? उसका अभिभावकहरूले आफ्नो छोरो यति ठूलो अपराधकर्ममा लागुन्जेल कहिल्यै थाहा पाएनन् कि, पाएर पनि बेवास्ता गरे होलान्? यसमा त्यो छोरोसँगै उसका अभिभावक पनि दोषी होइनन् र !'
सेतोपाटीबाट

# जेल जीवनदेखि सांसद्को टिकटसम्म उप्रेती

मेचीनगर । प्रतिनिधि सभा सदस्य निर्वाचनमा झापा १ बाट नेकपा (एमाले) ले स्थानीय रामचन्द्र उप्रेतीलाई पार्टीको तर्फबाट उम्मेद्वार वनाएको छ । उप्रेतीको उम्मेद्वारी दर्तासँगै राजनीतिक दलका कार्यकर्तादेखि सर्वसाधारण खुसी भएका छन् ।

पेशासहितको राजनीति र समाजसेवामा विश्वास राख्ने प्रष्ट वक्ता उप्रेती सफल सहकारी अभियन्ताको रूपमा देशभरि नै परिचित छन् । अध्ययनमा विशेष रुचि राख्ने उनले सहकारी क्षेत्रसँग सम्बन्धित पुस्तकहरूसमेत प्रकाशन गरेका छन् ।

नेपालका सफल सहकारीहरूको सूचीमा रहेको नेपाल बहुउद्धेश्यीय सहकारी संस्था लि (एनएमसी) को संस्थापक अध्यक्षको नेतृत्वमा मेचीनगरमा सञ्चालित एनएमसी डेरी उद्योग, नमुना कृषि फार्म र इलाममा ३ वटा अर्थोडक्स चिया उद्योगहरू सफलतापूर्वक सञ्चालन भइरहेका छन् ।

सहकारी क्षेत्रको नेतृत्व गर्ने राष्ट्रिय सहकारी महासंघको केन्द्रीय सदस्य, सहकारीसम्बन्धी नीति निर्माणका लागि भूमिका निर्वाह गर्ने राष्ट्रिय सहकारी विकास बोर्डको सदस्यको जिम्मेवारीसमेत निर्वाह गरिसकेका उप्रेती सहकारी र समाजमा असल संस्कार स्थापना गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेकै कारण २०७६ साल बैशाख १ गते नेपाल सरकारको सिफारिसमा तत्कालीन राष्ट्रपतिबाट सुप्रवल जनसेवाश्रीद्वारा विभूषित भएका थिए । त्यसैगरी पोखरास्थित रोयल सहकारी संस्था, किसान कल्याण सहकारी संस्था सुनसरी,



उदयपुरको सहयोगी सहकारी संस्थाबाट, जिल्ला सहकारी संघ झापा, जिल्ला सहकारी संघ सिन्धुलीबाट र अन्य दर्जन जति सहकारी संघसस्थाबाट प्रमाणपत्रसहित सम्मान गरिएको छ । कोशी प्रदेश सरकार सहकारी विभागबाट २०८० सालमा राष्ट्रिय सहकारी व्यक्तित्वको रूपमा सम्मान प्रदान गरिएको थियो ।

पञ्चायती शासनकालमा राजनीतिक प्रतिशोधको शिकार भई २०४५–४७ साल जेल जीवन बिताएका उप्रेती दर्जनौं संघ संस्थाहरूबाट अभिनन्दित व्यक्तित्व हुन् । पार्टी भूमिगत भएदेखि नै राजनीतिमा सक्रिय उप्रेतीले नेकपा (एमाले) को नगर कमिटी प्रमुखदेखि जिल्ला सदस्य हुँदै केन्द्रीय विभागको जिम्मेवारीसमेत पूरा गरिसकेका छन् ।

सामाजिक क्षेत्रमा काँकरभिट्टा खानेपानी उपभोक्ता संस्था, झापा वाणिज्य संघ शाखा काँकरभिट्टाको संस्थापक सचिव रामचन्द्र उप्रेतीले विगतमा काँकरभिट्टा मावि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष, काँकरभिट्टा क्याम्पस, मेची बस व्यवसायी संघको सञ्चालक भूमिका निर्वाह गरिसकेका छन् । त्यसैगरी मदन भण्डारी स्मृति प्रतिष्ठान उर्लाबारी, जीवन स्मृति प्रतिष्ठान दमक, नेपाल रेडक्रस सोसाइटी, त्रिफला राष्ट्रिय पुस्तकालय धुलावारी, युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठान काठमाडौँको आजीवन सदस्य उप्रेतीकै सक्रिय अभिभावकत्व र स्थानीय युवाहरूको पहलमा काँकरभिट्टाको देवकोटा पार्क संरक्षण भएको थियो ।

भ्रष्ट मानसिकताबाट नै भ्रष्टाचारको जन्म हुन्छ । भ्रष्टाचार निर्मूल गर्न जगदेखि नै असल संस्कार स्थापित गर्नुपर्छ भन्ने विचार र व्यवहारका धनी रामचन्द्र उप्रेती सादगी र अनुशासनका अनुयायी हुन् । सहकारीका कार्यक्रम र निजी भ्रमण समेत गरेर अमेरिका, युरोप र एशियामा गरेर १८ देशको भ्रमण गरेका छन् ।
आधा दर्जन बढी पुस्तका लेखक उप्रेतीका राष्ट्रिय तथा स्थानीयस्तरका विभिन्न सञ्चारमाध्यमहरुमा सयौं फुटकर र समसामयिक लेख रचनाहरु विभिन्न समयमा प्रकाशन भएका छन् । लामो समयसम्म जेल जीवन विताउँदै कठोर यातना पाएका रामचन्द्रको संसद् को यात्रा पूर्ण हुन्छ या हुँदैन त्यसका लागि हामीले फागुन २१ को निर्वाचनको परिणाम पर्खनु नै पर्छ ।

# झापा-५ मा नेकपाको निर्वाचन परिचालन समिति

झापा, माघ १० । झापा-५ मा नेपाली कम्युनिस्ट पार्टीको ५५५ सदस्यीय मूल निर्वाचन परिचालन समिति गठन गरिएको छ ।
दमकमा शनिबार आयोजित निर्वाचन क्षेत्रस्तरीय भेलाबाट केन्द्रीय सदस्य सुरेन्द्र बस्नेतको नेतृत्वमा समिति घोषणा भएको हो । यस क्षेत्रमा नेकपाका केन्द्रीय सदस्य तथा युवा नेता रञ्जित तामाङ उम्मेदवार बनेका छन् ।
समितिमा राष्ट्रिय युवा परिषद्का निवर्तमान कार्यकारी उपाध्यक्ष बस्नेतसहित पार्टीका केन्द्रीय सदस्य दिपेनवाला राई, वीरेन्द्र बस्नेत, गगन पुरी, सबै प्रदेश समिति सदस्यहरु, जिल्ला समिति सदस्यहरु, पालिका समितिहरु सबै र वडा समिति पदाधिकारीहरु रहेका छन् । यस्तै केन्द्रीय सदस्य प्रविण चाम्लिङले अनुगमन समिति प्रमुखको जिम्मेवारी लिएका छन् ।समितिको सदस्यसचिवमा साविक माओवादी केन्द्रका क्षेत्रीय संयोजक सन्तोष गौतम रहेका छन् ।
चुनावी अभियानलाई तीव्रता दिन केन्द्रीय सदस्यहरु रहेको हाइकमान्ड र केन्द्रीय सदस्य, प्रदेश सदस्य र पालिका अध्यक्षहरु रहेको ४९ सदस्यीय सचिवालयसमेत गठन गरिएको संयोजक बस्नेतले जानकारी दिए ।




नवगठित निर्वाचन परिचालन समितिको प्रचारप्रसार विभाग प्रमुखमा दिपेनबाला राई , आर्थिक विभाग प्रमुखमा वीरेन्द्र बस्नेत, वार्ता तथा अन्तरपार्टी समन्वयमा गगन पुरी र स्वयंसेवक विभाग प्रमुखममा डम्बर पुलामी रहेका छन्।

त्यसैगरी, शिक्षक-बुद्धिजीवी समन्वयमा रमेश गुरागाईं, महिला विभाग प्रमुखमा अनिषा झाँगड, क्षेत्र बाहिरका मतदाता समन्वयमा ओम बस्नेत, कार्यालय विभागमा दुर्गा चौलागाईं, सुकुम्बासी समन्वय विभागमा वेदु गौतम, मजदुर समन्वय विभागमा प्रशान्त भण्डारी, उम्मेदवार प्रतिनिधिमा शंकर बस्नेत रहेका छन् । जवस मोर्चा समन्वयमा हुकुम सिंह, ज्येष्ठ नागरिक समन्वयमा नगेन्द्र साँवा रहेका छन् ।

# नेपालको पश्चिमी क्षेत्रमा वर्षा र हिमपात

काठमाडौँ । पश्चिमी न्यून चापीय प्रणालीका कारण नेपालको पश्चिमी क्षेत्रमा शुक्रबार साँझदेखि मौसम बदली भई धेरै जिल्लामा वर्षा र हिमपात भएको छ ।
जल तथा मौसम विज्ञान विभागका अनुसार शुक्रबार



साँझबाट सुरु भएको बदली शनिबार दिनभर नै कायम भएको थियो ।
वर्षा भने शनिवार अपराह्नबाट रोकिएको छ । विभागका सूचना अधिकारी दिनकर कायस्थले मौसम बदली कमजोर बन्दै गएको बताए । यद्यपि, छिटपुट रूपमा उच्च पहाडी तथा हिमाली क्षेत्रमा सामान्य वर्षा र हिमपात आइतबारसम्म कायम रहने उनले जानकारी दिए । विभागका अनुसार पछिल्ला २४ घण्टामा सबैभन्दा बढी जाजरकोटमा २९ मिलिमिटर र डडेलधुरामा २८ दशमलव आठ मिलिमिटर वर्षा भएको छ । यो मध्यम वर्षा हो ।
यस्तै, दार्चुलामा १७ दशमलव आठ, बैतडीमा २६, डोटीमा २०, बझाङमा १६ दशमलव दुई, कञ्चनपुरमा नौ दशमलव चार, अछाममा १२ दशमलव छ, कालीकोटमा १९ दशमलव चार, दैलेखमा १४ दशमलव तीन, जुम्लामा १२ दशमलव सात, मुगुमा १२, डोल्पामा १३ दशमलव पाँच मिलिमिटर वर्षा भएको विभागको अभिलेखमा उल्लेख छ ।

विभागका अनुसार बागलुङ, म्याग्दी, रुकुमपूर्व, रोल्पा, दाङ बाँके, बर्दिया, सुर्खेत, गुल्मीलगायत जिल्लामा पनि हल्का वर्षा र हिमपात भएको छ ।

शनिबार साँझ सार्वजनिक गरिएको बुलेटिनमा हाल नेपालमा न्यून चापीय प्रणालीको प्रभाव कायम रहेकाले कोशी, मधेश र बागमती प्रदेशलगायत बाँकी पहाडी तथा हिमाली भू-भागमा साधारणतया बादल लागिरहेको छ । शनिवार राति देशका उच्च पहाडी तथा हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी भू-भागमा आंशिक बादल लाग्ने छ । कोशी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना रहेको जनाइएको छ । यस्तै, आइतबार देशका उच्च पहाडी तथा हिमाली भू-भागमा साधारणतया बादल लाग्ने तथा बाँकी भू-भागमा आंशिक बादल लाग्ने छ । कोशी, गण्डकी र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानमा तथा बाँकी उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना रहेको छ । पूर्वी तथा मध्य तराई भू-भागका थोरै स्थानमा बिहानीपख हुस्सु रहने जनाइएको छ ।

# हिमपातले जनजीवन प्रभावित

झापा । शुक्रबार साँझदेखि पर्न थालेको हिउँदे झरीले हिमाली भेगमा हिमपात भएको छ । हिमपातपछि हिमाली भेगका बस्ती सेताम्ये भएका छन् । हिमपातका कारण हिमाली भेगको जनजीवन प्रभावित भएको छ भने विभिन्न स्थानमा सडकमा अवरोध भएपछि यातायात अवरुद्धसमेत भएको छ ।यसैगरी रुकुम पूर्वका विभिन्न स्थानमा हिउँ पर्‍यो ।

बिहानसम्म सिस्ने, पुथा र चुरेन हिमालका साथसाथै त्यहाँका अग्ला पहाडी भेगहरू मैकोटदेखि बागलुङको सिमाना आसपासको क्षेत्र हिउँले ढाकियो ।

भूमे गाउँपालिका-१ पञ्चासेदेखि पाथीहाल्नेसम्मको मध्यपहाडी लोकमार्ग सडकखण्डमा बाक्लो हिउँ परेपछि शनिबार बिहानैदेखि दिउँसोसम्म सवारी आवागमन नै अवरुद्ध भयो । तर यही असहजताका बीचबाट पनि रुकुम पूर्व र बागलुङतर्फका सयौं मान्छेहरू हिउँमा रमाउन यहाँ पुगे ।

मौसममा आएको बदली र हिमपातका कारण लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला रुकुम पूर्वका हिमाली र उच्च पहाडी भेगमा चिसो बढेपनि हिउँ परेकोमा किसानहरूले खुसी व्यक्त गरेका छन् ।

यसले हिउँदे बाली सप्रिने र पशुपंक्षीको स्वास्थ्य पनि राम्रो हुने मैकोटका रामप्रसाद पुन मगरले बताए ।

'हिउँदमा कम्तीमा एकपल्ट त हिउँ पर्नैपर्छ । तबमात्रै माटोमा ओसिलोपना बढ्छ अनि धुलोमैलो पनि कम भएर वस्तुभाउलाई हित हुन्छ,' उनले भने ।

# मोटरसाइकल दुर्घटनामा घाइते मुस्लिमको मृत्यु

झापा, माघ १० । दश दिनअघि मोटरसाइकल दुर्घटनामा घाइते भएका बिर्तामोड-६ बस्ने १८ वर्षीय समर मुस्लिमको मृत्यु भएको छ ।




बीएण्डसी अस्पताल बिर्तामोडमा उपचारका क्रममा शनिवार दिउँसो ३.३० बजे उनको मृत्यु भएको हो । मृतकको शव सोही अस्पतालमा रहेको प्रहरीले जनाएको छ ।
गत पुष ३० गते साँझ ५:३० बजे बिर्तामोड - ६ किरात चोकस्थित भित्री सडकखण्डमा बुट्टाबारीबाट किरात चोकतर्फ जाँदै गरेको मे २ प ६५७८ न. को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक मुस्लिम घाइते भएका थिए ।

# नवोदित कानुन व्यवसायीका लागि मस्यौदा लेखन तालिम

झापा, माघ १० । नवोदित कानुन व्यवसायीहरुका लागि मस्यौदा लेखन तालिम झापाको भद्रपुरमा



सम्पन्न भएको छ।
जिल्ला सरकारी वकील कार्यालय झापाका जिल्ला न्यायाधिवक्ता दिपेश शाहको प्रमुख आतिथ्यता तथा झापा जिल्ला अदालतका शाखा अधिकृत रामचन्द्र बस्नेत र झापा बारका सहसचिव तथा झापा बार महिला समिति अध्यक्ष अधिवक्ता सानु कार्की बस्नेतको आतिथ्यतामा सम्पन्न कार्यक्रमको अध्यक्षता कानुनी ज्ञान केन्द्र झापाका अध्यक्ष अधिवक्ता तारामणी सापकोटाले गरेका थिए । कार्यक्रमको सञ्चालन कानुनी ज्ञान केन्द्रका सचिव अधिवक्ता नरेश खातीले गरेका थिए ।
कानुनी ज्ञान केन्द्र झापाको आयोजनामा संचालित उक्त एक दिवसीय तालिममा झापा जिल्ला अदालतका न्यायाधीश पारसमणी पोखरेल र अधिवक्ता बसन्त जोशीले प्रशिक्षण दिएका थिए । उक्त तालिममा २० जनाभन्दा बढी नवोदित कानुन व्यवसायीहरुको सहभागिता रहेको थियो।
कानुनी शिक्षा र सचेतना प्रदान गर्ने उद्देश्यले स्थापित यस केन्द्रको अध्यक्षमा अधिवक्ता तारामणी सापकोटा, उपाध्यक्षमा अधिवक्ता तिलक अर्याल, सचिवमा अधिवक्ता नरेश खाती, सहसचिवमा अधिवक्ता अनु रावत , कोषाध्यक्षमा अधिवक्ता सुरज मैनाली तथा सदस्यहरुमा अधिवक्ता रुद्रमणी भट्टराई र अधिवक्ता हेमनारायण राजवंशी रहेका छन् ।

# भोट माग्न जाँदा राष्ट्रिय झण्डाको प्रयोग रोक : मुख्यमन्त्री कार्की

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राजनीतिक दलले मत माग्न जाँदा राष्ट्रिय झण्डा प्रयोगमा बन्देज लगाउनुपर्ने बताएका छन्।



धनकुटा लेडी जेसिजको पदहस्तान्तरण कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले काँधमा राष्ट्रिय झण्डा ओढेर अराजक गतिविधि भएकाले राष्ट्रिय झण्डा ओढेर मत माग्न रोक लगाउनुपर्ने बताएका हुन्।

मुख्यमन्त्री कार्कीले भदौ २३ गतेको मारिएका व्यक्ति शहिद भए पनि भदौ २४ गते राष्ट्रिय झण्डा ओढेर आगो लगाउन तथा चोरी, डकैती गएकालाई शहिद घोषणा गर्न नहुने बताए। मुख्यमन्त्री कार्कीले अहिलेका युवाहरुमा नकारात्मक सोच विकसित भइरहेकाले समाजमा सकारात्मक सोचाइ विकास गर्न लेडी जेसिजले अगुवाइ गर्नुपर्ने बताए।

कार्कीले परिवर्तनको पक्षका भन्ने युवापंक्तिले चलाउने सामाजिक सञ्जाल हेर्न नसकिने अवस्थामा रहेको बताए। उनले सामाजिक सञ्जालमा धेरै अश्लील शब्द प्रयोग हुने गरेको बताउँदै सकारात्मक चेतना फैलाउन लेडी जेसिजले अगुवाइ गर्न आग्रह गरे।

उनले त्यसका लागि प्रदेश सरकारले सहयोग गर्ने बताए। उनले भदौ २३ र २४ गतेको घटनाको निष्पक्ष छानबिन हुनुपर्ने बताए। 1

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** — भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** — रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** — मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** — दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** — आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** — सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** — दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** — आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** — आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** — कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** — सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ